बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

रामेछाप, नेपाल

पत्र संख्याः- ०८२/०८३

चलानी नम्बरः-

सूचना ! सूचना ! सूचना !

(प्रथम पटक प्रकाशित मितिः-२०८२।०५।१९)

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. ०८२/०८३ का लागि **"उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम"** अन्तर्गत स्वीकृत भएको तपसिल वमोजिमको तालिमहरु सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले पैत्तिस (३५) दिन (मिति २०८२/०६/२२ गते सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) भित्र तोकिएको ढाँचामा निवेदन यस कार्यालयमा पेश गर्न सूचना प्रकाशन गरिएको छ ।

(क) तपसिल

| सि.नं. | तालिम कार्यक्रमको नाम विषय र क्षेत्र | प्राथमिकता दिइने लक्षित समुह |
|---|---|---|
| १ | जिल्लाको आवश्यकता अनुसार सीप विकास तालिमको पहिचान एवं तालिम सञ्चालन (मागमा आधारित) | १. आर्थिक रुपले विपन्न सीमान्तकृत, पिछडिएका अल्पसङ्ख्यक र अपाङ्गता व्यक्तिहरु,<br>२. उद्यम गर्न इच्छुक नागरिक,<br>३. उद्यमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न चाहने लघु घरेलु तथा साना उद्यमीहरु,<br>४. परम्परागत रुपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यावसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरु,<br>५. वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरु । |
| २ | ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा थाङ्का तथा गलैचा तालिम सुनापती, रामेछाप | |
| ३ | निगालो वेद बाँसवाट वस्तु उत्पादन तालिम, उमाकुण्ड गाउँपालिका, रामेछाप | |
| ४ | अल्लो प्रशोधन तथा वस्तु उत्पादन तालिम, दोरम्बा शैलुङ्ग, रामेछाप | |
| ५ | महिला उद्यमशिलता विकास तथा सीप विकास तालिम, खाँडादेवी गाउँपालिका, रामेछाप | |
| ६ | सिलाई बुनाइ तथा वुटिक तालिम, मन्थली, रामेछाप | |
| ७ | ब्यूटिसियन एड्भान्स तालिम, मन्थली, रामेछाप | |
| ८ | गलैचा प्रवर्द्धन, दोरम्बा शैलुङ्ग, रामेछाप | |
| ९ | वेद बाँसवाट निर्माण गरिने घरयासी सामाग्री उत्पादन तालिम, रामेछाप | |
| १० | बारिष्टा तथा बेकरी सम्बन्धी तालिम, मन्थली न.पा. | |
| ११ | उद्यमशिलता तथा सीप विकास तालिम, लिखुतामाकोशी -७, रामेछाप | |

**(ख) तालिम अवधिः-** स्वीकृत वजेटको परिधिभित्र रही छोटो, मध्यम र लामो अवधिको तालिम सञ्चालन गरिनेछ।

**(ग) प्रशिक्षार्थी छनौट संख्याः-** तालिम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ अनुसार छनौट गरिनेछ । ।

**(घ) छनौट विधिः** व्यक्तिगत अन्तरवार्ता ।

**(ङ) तालिम संचालन मिति र स्थानः** प्रशिक्षकको उपलब्धता, प्रशिक्षार्थीहरुको सामुहिक माग र बजेट परिधि भित्र रही पछि तय गरिनेछ ।

**(च) प्रशिक्षार्थीको योग्यताः**

१. बागमती प्रदेश भित्र बसोबास गर्ने नेपाली नागरिक हुनु पर्ने, २. १६ बर्ष उमेर पुरा भएको

३. शैक्षिक योग्यताः तालिमको प्रकृति अनुसार कार्याविधिमा उल्लेख भएवमोजिम।

**(छ) पेश गर्नुपर्ने कागजातहरुः-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

३. तालिम पश्चातको व्यवसायिक योजना (संक्षिप्त वढीमा २ पेज )

**(ज) छनौट भएका प्रशिक्षार्थीहरुले पाउने सुविधाः** दैनिक हाजिरीका आधारमा खाजा खर्चवापत प्रति व्यक्ति प्रति दिन रु १००/- का दरले (कम्तीमा ९०% हाजिर भई सफलतापूर्वक तालिम सम्पन्न गरे पश्चात मात्र) र परिवहन खर्च वापत एकमुष्ठ रु ५००/- उपलब्ध गराइनेछ ।

**नोटः-**१) तालिम सम्वन्धी सम्पूर्ण कियाकलाप बागमती प्रदेश सरकारको तालिम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ अनुसार सञ्चालन गरिनेछ ।

२) सि.नं. ५ र ११ को उद्यमशिलता विकास तालिम वाहेक अन्य तालिमहरु कार्यविधिको,अनुसूची १ को विषयसँग सम्बन्धित हुनेछ ।

३) निवेदनको ढाँचा कार्यालयको सेवाप्रवाह कक्ष, फेसवुक र वेवसाईडबाट समेत प्राप्त गर्न सकिनेछ ।

४) तालिम आवेदन फाराम तथा तालिम सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालयको फोन नं. ०४८५४०७३५, ५४००३६ मोबाइल नं. ९८६३०२३०३१,ईमेल :**csidb.ramechhap@gmail.com, ocsi.ramechhap@bagamati.gov.np** र कार्यालयको वेवसाइटः https://icoramechhap.bagamati.gov.np/ मा सम्पर्क गर्न र हेर्न सकिनेछ ।

२०८२/०५/१९
(हे)मराज घिमिरे
कार्यालय प्रमुख

## अनुसूची ४

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू

उद्योग तथा वाणिज्य कार्यालय, मन्थली, रामेछाप।

महोदय

तँहा निर्देशनालय/कार्यालयबाट मिति ................................. मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने ............................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालिममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेश गरेकी/गरेको छु ।

१. निवेदकको नाम थरः

२. निवेदकको ठेगानाः

क) स्थायी ठेगानाः

ख) अस्थायी ठेगानाः

ग) सम्पर्क टेलिफोन नं.

घ) इमेलः

३. उमेरः .......... वर्ष

४. लिङ्गः पुरुष/महिला

५. बैबाहिक स्थितिः विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यताः

७. परिवारको किसिम र संख्याः एकल/संयुक्त, ...... जना

८. हालको पेशाः

९. परिवारको आय आर्जनको मुख्य श्रोतः

१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगानाः

११. परिवारको अन्दाजी वार्षिक आम्दानी रु.

१२. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ/छैन ? ...................

यस अघि तालिम लिएको भए

क) तालिमको विषयः .....................................

ख) तालिमको अवधिः .....................................

ग) तालिम लिएको मितिः ..................................

घ) तालिम दिने संस्थाः ...................................

ङ) प्राप्त तालिमको उपयोग स्थितिः ...............................

च) स्वरोजगारीः ......................................................

छ) रोजगारी/ज्याला रोजगारीः .....................................

ज) घरायसी प्रयोजनमा सिमितः .................................................

झ) सदुपयोग छ/छैनः .........................................................

१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ?

उपयोग भएको भए सो को अवस्थाः

क) स्वरोजगारी

ख) ज्याला रोजगारी

ग) घरायसी प्रयोजनमा उपयोग

घ) व्यवसायिक उपयोग छैन ।

१४. यो तालिम लिन चाहनुको मुख्य कारणः

तालिम पश्चात यसै साथ संलग्न व्यवासयिक योजना अनुसार सीपको उद्यम/व्यवसाय/ रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु ।

....................

आवेदकको सही

मितिः

**संलग्न कागजात**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/पहिचान पत्रको प्रतिलिपी

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (एउटा मात्र)

३. तालिम पश्चातको व्यवसायिक योजना (संक्षिप्तमा बढीमा दुई पेज)

४. अन्य सिफारिस कागजात/प्रमाण